आज मिति २०८२ माघ १३ गते मंगलबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को एघारौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री विकेन पौडेल | सचिव | |

**आमन्त्रित**

राज कुमार खत्री- लेखा अधिकृत।

गोविन्द बस्नेत- जिन्सी शाखा।

कल्यान भुजेल- कार्यालय सहयोगी।

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. विशेष अनुदान माग गर्ने सम्बन्धमा।
३. प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुढी, झापालाई प्रस्ताव पठाउने सम्बन्धमा।
४. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।
५. हाट बजारको फर्निचर निर्माणको भुक्तानी सम्बन्धमा
६. सिकाई केन्द्र सञ्चालन सम्बन्धमा
७. एम्बुलेन्स मर्मत सम्बन्धमा।
८. सडक बोर्ड साझिदारी सम्बन्धमा।
९. योजना साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा।

निर्णयहरुः

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ पौष १४ गते बसेको दशौं कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ता नं २ उपर छलफल गर्दा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ को दफा ३ बमोजिम तपशीलको योजना माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

तपशिलः

- शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्वि।
- वडा नं ५ मा खानेपानी तथा सरसफाई।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुडी झापामा तपशिलको योजना माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

- मध्यमकालिन खर्च संरचना निर्माण
- कर्मचारी क्षमता अभिवृद्वि कार्यक्रम

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा तपशिलका योजनाहरुलाई वडा कार्यालयबाट प्रधानमन्त्री रोजगार कार्याक्रमसगं आवद्धता गरी प्राविधिक लागत अनुमान तयार गरी सञ्चालन गर्ने निर्णय गरियो।

| क्र.सं | आयोजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| वडा नं १ | गेप्चुका नागथान खहरे रासिन्दु सडक र कासि सामुदायिक भवन तथा भित्ते वाल निर्माण | १,५०,००० |
| वडा नं २ | वडाभरीको सडक सोलिङ |  |
| वडा नं ३ | वडाभरीको सडक सोलिङ | २,००,००० |
| वडा नं ४ | फोति, कुँडार सडक सोलिङ र कुँडार खाम्दिङ गोरेटोबाटो | २,००,००० |
| वडा नं ५ | सगरडाँडा भकान्जे गोरेटो बाटो निर्माण र किन्जा लामजुरा पर्यटन पदमार्ग निर्माण |  |

५. हाट बजार सञ्चालनका लागी गाउँपालिकाले निर्माण गरेको फर्निचर र फर्निचर निर्माणका लागि लागेको ज्यालादारीको भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथिको छलफल गर्दा वडा नं ४ मा बन्द रहेको हिमशिखर सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथी छलफल गर्दा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको पत्र बमोजिम एम्बुलेन्स मर्मत गरिदिने भनी पत्र आएकोमा अत्यावश्यक सेवालाई निरन्तरता दिनका लागी मर्मत गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा सडक बोर्ड साझेदारीमा आएको रकम गाउँपालिकाले २० प्रतिशत रकम साझेदारी गरी यस गाउँपालिकाको वडा नं ५ को तुमल सगरडाँडा स्तरोन्नति गर्दा e-bidding मार्फत गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा वडा नं ५ मा विनियोजित उमातीर्थ मन्दिर व्यवस्थापन साझेदारीमा एक लाख बजेट बिनियोजन भएकोले सो सम्बन्धमा उमाकुण्ड गाउँपालिका, रामेछाप संग साझेदारी

गर्ने, तथा वडा नं २ मा विनियोजित सुँगुरे खोला कजवे तथा ढल व्यवस्थापन साझेदारीमा चार लाख बजेट विनियोजन भएकोले सो सम्बन्धमा खिजिदिम्बा गाउँपालिका, ओखलढुङ्गासगँ साझेदारी गरी काम सम्पन्न गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।